ईशनाथ नगरपालिका

Ishnath Municipality

नगर कार्यपालिकाको कार्यालय

Office Of The Municipal Executive

औरैया, रौतहट

Auraiya, Rautahat

मधेश, प्रदेश, नेपाल

Madhesh, Province, Nepal

पत्र संख्याः-२०८२/०८३ मितिः२०८२/१२/१९

सूचना नं.:-

सूचना !

रोजगारदाताको सूचिमा दर्ता हुने सम्वन्धि सूचना ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्वन्धि ऐन,२०७५ को दफा १३, रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ९ र एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा ६ बमोजिम यस स्थानीय तह अन्तर्गत रहेका रोजगारदाताहरुको सूचि दर्ता एवम् अद्यावधिक गर्नुपर्ने भएकोले यस नगरपालिका अन्तर्गतका सरकारी, गैर सरकारी, सहकारी तथा निजि क्षेत्रका रोजगारदाताहरुले आवश्यक विवरणहरु खुलाई मिति २०८२ चैत्र २४ गतेभित्र यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगारदाताको सूचिमा दर्ता एवम् अद्यावधिक हुन सम्पूर्ण रोजगारदाताहरुलाई अनुरोध छ ।

(महमद नवाज हुसैन)

प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः** रोजगारीको हक सम्वन्धि ऐन, २०७५ को दफा २ (फ) अनुसार "रोजगारदाता" भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान तथा कानून बमोजिम सञ्चालनमा रहेका रोजगारमुलक संस्था सम्फनु पर्छ र सो शब्दले निजि रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाउँछ ।

**थप जानकारीका लागि**

**सम्पर्क व्यक्तिः सरोज कुमार झा, रोजगार संयोजक**

**सम्पर्क नम्बरः ९८६०६२६६३७**



CamScanner